REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs Date: 24.03.2025

---

सिक्किम राज्यपाल महाराष्ट्र राज्यपाल

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले आज बिहान मुम्बईमा, महाराष्ट्रका राज्यपाल सि पि राधाकृष्णनसित औपचारिक भेटघाट गर्नुभयो। बैठकको बेला उहाँहरूले सांस्कृतिक आदान-प्रदान विरासत संरक्षण, पर्यटन तथा अन्य महत्वपूर्ण क्षेत्रहरू लगायत आ आफ्ना राज्यहरूमा विभिन्न विकास कार्यक्रम र पहलहरू संबन्धी कुरा साझा गर्नुभयो।

मुम्बईमा आफ्नो दुई दिने भ्रमणको बेला श्री माथुरले कैयन कार्यक्रमहरूमा भाग लिनुहुनेछ।

---

क्षय रोग- पाकिम- सिंगताम

जिल्ला क्षय रोग केन्द्र पाकिम र जिल्ला अस्पताल सिंगतामले आयोजना गरेको जिल्ला स्तरीय विश्व क्षय रोग दिवस, 2025 आज सिंगताम नगर पंचायतमा कम्युनिटी हँलमा आयोजित गरियो जसको विषयवस्तु हो 'हामी क्षय रोग उन्मूलन गर्न सक्छौ- प्रतिवध्दता, निवेश र परिणामी प्रयास' रहेको थियो।

आज 24 मार्च विश्व क्षय रोग दिवसको उपलक्ष्यमा यसको आयोजन गरियो। यस दिनको लक्ष्य क्षय रोगका कारण, लक्ष्ण, अनि उपचारबारे मानिसहरूलाई जानकारी दिनुहो।

पाकिमका जिल्ला कलेक्टर रोहन अगवाने, कार्यक्रममा मुख्य अतिथि हुनुहुन्थ्यो उहाँले एक महत्वपूर्ण वैश्विक स्वास्थ्य चुनौति रहेको क्षय रोग विरूध्दको लड़ाईमा चाँड़ो पहिचान र प्रभावी उपचारको भूमिकालाई रेखाङ्कित गर्नुभयो। श्री अगवानेले पाकिम जिल्लालाई टि बि अर्धत क्षय रोग मुक्त क्षेत्र बनाउन भनि, टि बि जिल्ला कार्य योजना 2026 प्रस्तुत गर्नुभयो। यस पहलले क्षेत्रमा, सफल टि बि उन्मूलन सुनिश्चित गर्नका लागि यस रोगको चाँड़ो पहिचान, यसलाई कम पार्ने रणनीतिहरूको कार्यन्वयन टि बि निक्षय मित्रहरूको भूमिकाको संवर्ध्दन, अग्रिम पंक्तिमा कार्यकर्ताहरूको प्रशिक्षण तथा ब्यापक निगरानी र अंकढ़ा संग्रहण माथि जोढ़ दिएकोछ।

जिल्ला कलेक्टरले क्षय रोग सित कलंकलाई संबोधन गर्ने आवश्यक्तालाई उजागर पार्दै टि बि चैंम्पियनहरूका योगदानहरूको प्रशन्सा गर्नुभयो। उहाँले स्वास्थ्य र क्षय रोगका सामाजिक

तथा आर्थिक निहितार्थहरूबारे मानिसहरूको समझलाई बढ़ाउन जागरूकता अभियान र सामुदायिक संलग्नता गतिविधिहरूलाई प्राथमिकता दिने सुझाउ दिनुभयो।

---

## महंगाई भत्ता- सिक्किम

सिक्किम सरकारले राज्य सरकारका कर्मचारी तथा पेन्शनधारकहरूका लागि 1 जुलाई 2025 देखि प्रभावी महंगाई भन्दा, डि ए र महंगाई राहत, डि आर बढ़ाई दिएकोछ। पूर्व संशोधित मूल वेटनमान ढाँचा भएकाहरूका लागि डि ए, 239 प्रतिशत देखि बढ़ेर 246 प्रतिशत हुनेछ भने, संशोधित ढाँचा अटर्गटका कर्मचारीहरूले 50 प्रतिशत देखि 53 प्रतिशतको वृध्दि हेर्नेसक्नेछन्।

संशोधित वेतनमान अन्तर्गत अखिल भारत सेवा अधिकारी र अनुबन्ध अनि वर्क चार्जड कर्मचारीहरूका लागि पनि यो लागू हुनेछ।

---

## भाजपा सिक्किम

सिक्किम भारतीय जनता पार्टीले केन्द्र सरकारका कल्याणकारी योजनाहरू को लाभ सिक्किमका जनतालाई पुगोस भनि सुनिश्चित गर्न, धतलाग्दो प्रयासहरू गरि रहेकोछ। हिजो पार्टीले तुमिन लिंगी निर्वाचन क्षेत्र भित्र, दिक्चुमा विशेषरूपमा वर्ष भन्दा बढ़िका वरिष्ट नागरिकहरूका लागि आयुश्मान भारत पंजीकरण अनि कार्ड वितरण शिविरको आयोजना गरयो।

भाजपा राज्य अध्यक्ष D. R थापाको नेतृत्व अन्तर्गत यस कार्यक्रमको सफल आयोजना भयो। पार्टी प्रवक्ता पासांग ग्याली शेर्पाले यो पहलको नेतृत्व गरेका थिए।

शिविरमा लाभार्थीहरूका लागि अन्लाइन पंजीकरण स्वीकृती तथा कार्ड। निर्माण जस्ता विभिन्न सेवाहरू उपलब्ध गराइएको थियो।

स्थानीय समुदायले प्रधानमन्त्री नरेन्द्र मोदीलाई योजना अन्तर्गत, 5 लाख रूपियाँ सम्ममा सुविधाहरू लिन सक्षम बनाउनका लागि आभार ब्यक्त गरे अनि भाजपा सिक्किमको यस कल्याणकारी पहलका लगि पशंसा गरे।

---

माछा बिक्री प्रदर्शनी

लाल बजारमा आज माछा बिक्री र प्रदर्शनिको दोस्रो दिनको आयोजना गरियो । सिक्किम सरकारको मत्स्य विभागद्वारा आयोजित यो कार्यक्रम एउटा आइस बक्स भएको मोटरसाईकिललाई झण्डा देरवाई शुभारम्भ गरियो। मन्त्री पूरन कुमार गुरूङले यसको अगुवाई गर्नुभएको थियो । प्रदर्शनीमा राज्यमा सबै पाँच जिल्लाका संथानीय उत्पादहरू राखेका स्टाँलहरू थिए । मत्स्य विभागकी मन्त्री तथा सचिव रोशनी राईले एउटा धरायसी माछा बजारको उद्धाटन समेट गर्नुभयो।